डा. स्टेफेन इ. जोन्स

# सफल परमेश्वर (The Successful God)

**उत्पत्ति १:१ मा बाइबलले भन्दछ, "आदिमा परमेश्वरले आकाशमण्डल र पृथ्वी सृष्टि गर्नुभयो ।" जब परमेश्वरले सबै थोक बनाइसक्नुभयो तब "आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो। वास्तवमा त्यो साह्रै राम्रो थियो ।"** (उत्पत्ति २:३१) ।

**शैतानले पृथ्वीको सृष्टि गरेको थिएन । नता प्रचीन ग्रीकहरूले विश्वास गरे जस्तै दृष्टता सृष्टि गरिएको थियो । तिनीहरूले आत्मा मात्र असल छ र अरु सबै दुष्ट छ भनी विचार गर्थे । तर परमेश्वरले आकाशमण्डल र पृथ्वी सृष्टि गर्नुभयो र ती सबै साह्रै असल छ भनी भन्नुभयो ।**

**अन्त्यमा आदम र हब्बाले पाप गरे र यो त्यसैबेला देखि संसारको सबै दुष्टताको मूल बन्यो । तर परमेश्वरले यसलाई आश्चर्यको रुपमा लिनुभएन, किनभने उहाँलाई शुरू देखि अन्तिमसम्म नै के हुन्छ भनी थाहा थियो । उहाँको बुद्धिद्वारा परमेश्वरले पहिल्यै नै योजना बनाउनुभएको थियो जसले सफलता तिर लग्दथ्यो, ताकि उहाँको सृष्टिको योजना पूरा हुन्थ्यो ।**

## सम्पूर्ण पृथ्वीसँग परमेश्वरको करार

आदमले पाप गरेपछि, उसका सबै सन्तानमा मृत्युले प्रवेश पायो । र यो पाप चाहिँ त्यस्तो रोग थियो जुन जसले बढि भन्दा पाप गर्ने र बनायो । १६५६ बर्ष पछि परमेश्वरले पृथ्वीमा एउटा ठुलो जलप्रलयको न्याय ल्याउनुभयो । तर जलप्रलय पश्चात परमेश्वरले सारा पृथ्वीसँग अब फेरि कहिल्यै यसरी नाश नगर्ने भनी एउटा करार बाँध्नुभयो ।

उत्पत्ति ९:११–१२ "म तिमीहरूसित मेरो यो करार स्थापित गर्दछु, कि सबै प्राणी फेरि कहिल्यै प्रलयको पानीले नष्ट हुनेछैनन्, अनि पृथ्वीलाई सर्वनाश गर्न फेरि कहिल्यै जलप्रलय हुनेछैन।" अनि परमेश्वरले भन्नुभयो, "जुन करार मेरो र तिमीहरू र तिमीहरूका साथमा भएको हरेक जीवित प्राणीको बीचमा सबै पुस्तौंसम्मको निम्ति म ठहराउँदैछु, त्यसको चिन्ह यही हुन्छ ।"

त्यसपछि, परमेश्वरले करारको चिन्हको रुपमा बादलमा इन्द्रेनी राख्नुभयो, "म बादलमा मेरो इन्द्रेनी राख्तछु, र मेरो र पृथ्वीको बीचमा त्यो एउटा करारको चिन्ह हुनेछ।" (उत्पत्ति ९:११) ।

यो चाहिँ परमेश्वरले सारा पृथ्वीसँग गर्नुभएको एकतर्फी करार हो । उहाँ आफू एक्लै यो करार पूरा गर्न जिम्मेवार हुनुहुन्छ र यो पूरा हुने कुरामा मानिसको कुनै इच्छामा आधारित छैन ।

फेरि एकपटक पृथ्वीमा मानिसको संख्या वृद्धि भयो, तिनीहरू आफ्नै बाटोमा हिँडे र परमेश्वर र उहाँको व्यवस्थालाई बिर्से । तब परमेश्वरले एक जना मानिस (अब्राहाम) लाई चुन्नुभयो र उ र उसका

सन्तानद्वारा आफूले कार्य गर्ने प्रतिज्ञा गर्नुभयो र आफूले सारा पृथ्वीसँग बाँधेको प्रतिज्ञा सो कार्यान्वन गर्ने बताउनुभयो ।

## अब्राहामसँग परमेश्वरको करार

उत्पत्ति २२:१८ मा परमेश्वरले अब्राहामलाई भन्नुभयो, *"तेरै सन्तानद्वारा पृथ्वीका सबै जातिहरू आशीर्वादी हुनेछन्, किनकि तैंले मेरो वचन पालन गरिस्"*

यी जातिहरू कसरी आशिषित हुनेवाला थिए त ?

पछि गएर प्रेरित ३:२५–२६ मा यसरी उत्तर दिइएको छ, *"तपाईंहरू तिनै अगमवक्ताहरूका र त्यही करारका सन्तान हुनुहुन्छ, जुन करार परमेश्वरले तपाईंहरूका पुर्खा अब्राहामसँग यसो भनेर बाँध्नुभयो, 'तिम्रा सन्तानमा पृथ्वीका सबै परिवारले आशिष पाउनेछन्'। तपाईंहरू हरेकलाई आफ्नो दुष्टताबाट फर्काएर तपाईंहरूलाई आशिष दिन भनी परमेश्वरले आफ्ना सेवकलाई खड़ा गर्नुभयो र सर्वप्रथम तपाईंहरूकहाँ पठाउनुभयो।"*

परमेश्वरले येशूलाई तिनीहरू प्रत्येकको खराबीबाट फर्काएर आशिष दिन पठाउनुभयो । किनभने सम्पूर्ण पृथ्वीलाई आशिषको प्रतिज्ञा गरिएको थियो । त्यसकारण परमेश्वरको योजना येशूद्वारा तिनीहरू प्रत्येकको खराबीबाट फर्काएर आशिष दिनु थियो र धर्मी बनाउनु थियो ।

के साँच्चै नै परमेश्वर यसो गर्न सक्षम हुनुहुन्छ ? के परमेश्वरको इच्छा मानिसको इच्छा भन्दा बलियो छ ? यो असम्भव जस्तै छ, किनभने धेरै मानिसहरू दुष्कर्मबाट नफर्कि बाँचे अनि मरे । यदि परमेश्वरको प्रतिक्रिया साँचो छ भने मानिसहरू मरिगए पनि भविष्यमा तिनीहरूको हृदयको दुष्टताबाट फर्कि आउनै पर्नेछ । के यो सम्भव छ ?

## मोशाद्वारा परमेश्वरको करार

केही शताब्दी पश्चात अब्राहामको समय पछि, परमेश्वरले मोशाद्वारा दुईवटा करार बाँध्नुभयो । पहिलो चाहिँ अरबको होरेब पर्वतमा दिईएको थियो जहाँ प्रस्थान १९:८ मा *"सारा मानिसहरूले एकसाथ यसो भने, "परमप्रभुले भन्नुभएका सबै कुराहरू हामी पालन गर्नेछौं। "*

परमेश्वरले तिनीहरूलाई भन्नुभयो, यदि तिनीहरूले उहाँले भनेका मानछन् भने, उहाँ तिनीहरूका परमेश्वर हुनुहुनेछ र तिनीहरू उहाँका प्रजा हुनेछन् । यद्दपि, तिनीहरू उहाँको आज्ञा पालन गर्न असक्षम भए र करार भंग भयो र यसको उद्धेश्य पूरा हुन सकेन । एउटा फरक करारको जरूरी पर्‍यो र परमेश्वर आफैले सो करार बाँध्नुपर्ने थियो, किनकि उहाँ त्यो करारलाई पूरा गर्न सक्ने हुनुहुन्थ्यो ।

त्यसकारण, चालिस बर्ष पछि मोशाले व्यवस्था २९:१मा भन्छन्, "होरेबमा परमप्रभुले इस्राएलीहरूसित बाँध्नुभएको करारबाहेक मोआब देशमा परमप्रभुले मोशालाई आज्ञा गर्नुभएको करारका शर्त यी नै हुन्।"

परमेश्वरले आफ्नो प्रतिज्ञा सुन्न मोशालाई सबै पुरुषहरू, स्त्रीहरू, बालबालिकाहरू अनि उनीहरूसँगै विदेशीहरूलाई भेला हुन भन्नुभयो ।

व्यवस्था २९:१२–१३ ले यसको उद्धेश्य प्रदान गर्दछ, *"परमप्रभु तिमीहरूका परमेश्वरसँग एउटा करारमा बाँधिनलाई तिमीहरू यहाँ उभिएका छौ, जुन करार परमप्रभुले तिमीहरूसँग आज बाँध्दैहुनुहुन्छ र शपथद्वारा दृढ़ गर्दैहुनुहुन्छ । जसरी उहाँले तिमीहरूलाई प्रतिज्ञा गर्नुभयो र तिमीहरूका पुर्खा अब्राहाम, इसहाक र याकूबसँग शपथ खानुभएको थियो, त्यसरी नै उहाँ तिमीहरूका परमेश्वर बन्नलाई र तिमीहरूलाई चाहिँ उहाँको आफ्नै प्रजा हुनलाई परमप्रभुले पक्का गर्दैहुनुहुन्छ ।"*

यो करार पहिलो जस्तो थिएन किनकि मानिसहरू प्रति यो परमेश्वरको करार थियो, तर परमेश्वरप्रति मानिसको बाँचा जस्तो थिएन । यसको अर्थ परमेश्वर एक्लैले हामीलाई उहाँको प्रजा बनाउन र तिनीहरूको परमेश्वर हुन जिम्मेबार हुनुहुन्छ । तर परमेश्वरले यसो गर्नका लागि सबै मानिसहरू आफ्नो दृष्ट मार्गबाट फर्किन जरूरी छ ताकि तिनीहरू उहाँको प्रजा हुन सकून । अरू एकपटक परमेश्वरले सबै मानिसहरूलाई आशिष दिन उनीहरूका सबै दृष्ट मार्गबाट फर्किन परमेश्वरले प्रतिज्ञा गर्नुभएको थियो ।

मोआबको भूमिमा परमेश्वरको प्रतिज्ञाको आकार अरू पदहरूमा देखिन्छ । व्यवस्था २९: १४–१५ले भन्दछ, *" म यो शपथसहितको करार तिमीहरू आज परमप्रभु हाम्रा परमेश्वरको सामु हामीसँग खड़ा हुनेसँग मात्र बाँधदिनँ, तर आज अब हामीसँग यहाँ नहुनेहरूसित पनि म बाँध्दछु ।"*

यदि परमेश्वरले जो त्यतिखेर थिए र कति थिएनन् तिनीहरूका लागि बाँचा बाँध्नुभयो । तर यो परमेश्वरले बनाइरहनुभएको विश्वव्यापी करार थियो । उहाँले कसैलाई पनि छुटाउनुभएको छैन । यो त्यस्तो करार थिएन जुन उहाँले मात्र प्रयासका लागि गर्नुभएको होस्, अथवा यो त्यस्तो करार थिएन जो परमेश्वरले सबै मानिसहरूलाई दृष्ट मार्गबाट फर्किन सम्भव बनाउनलाई दिनुभएको थियो । परमेश्वरले यसको नतिजा मानिसको हातमा राखिदिनुभएको छैन, यदि यसो भएको भए यो निश्चित रूपमा असफल हुनेथियो । यो त्यस्तो करार थियो जुन वास्तवमा सबै मानिसहरूलाई उनीहका दृष्ट मार्गबाट फर्किनलाई दिइएको थियो, ताकि उनीहरू परमेश्वरको प्रजा हुन सकून् ।

## राजा दाऊदले यो कुरा बुझेका थिए

राजा दाऊदले जबभजनसंग्रह ६६:४ लेखे, उनले धेरै बर्ष अगाडि नै यो प्रतिज्ञालाई बुझेका थिए, *" सारा पृथ्वी तपाईंको अगि झुक्तछ, तिनीहरूले तपाईंको प्रशंसाका भजन गाउँछन्, तिनीहरूले तपाईंका नाउँको भजन गाउँछन्।"*

फेरि भजनसंग्रह ६७:४ र ७ ले भन्दछन्, *" जाति-जातिहरू प्रसन्न होऊन् र आनन्दले गीत गाऊन्, किनकि तपाईंले मानिसहरूमाथि न्यायपूर्वक शासन गर्नुहुन्छ, अनि पृथ्वीका जातिहरूलाई मार्गदर्शन*

*गर्नुहुन्छ । परमेश्वरले हामीलाई आशीर्वाद निरन्तर दिनुहुनेछ, अनि पृथ्वीका सबै सीमान्तले उहाँको डर मान्नेछन्।"*

हिब्रू शब्दको अनुवाद "डर" ले मानिस परमेश्वरबाट भयभित पारिने छन् भन्ने अर्थ दिँदैन तर यसको अर्थ सबै मानिसहरूले उहाँको सार्वभौमिकतालाई मानिलिनेछन् र उहाँको पृथ्वीमा शासन गर्ने अधिकार छ भनी आदर गर्नेछन् भन्ने लाग्छ ।

भजनसंग्रह ६८:१८ ले भन्छ, *"जब तपाईं उच्चमा चढी जानुभयो, तपाईंले कैदीहरूलाई बन्दी बनाएर लानुभयो। तपाईंले मानिसहरूबाट उपहार स्वीकार गर्नुभयो, बागीहरूसमेतबाट पनि–कि तपाईं, हे परमप्रभु परमेश्वर, त्यहाँ वास गरून ।"*

भजनसंग्रह ८६:९ र १० ले भन्दछन्, *"हे परमप्रभु, तपाईंले बनाउनुभएका सबै जातिहरू तपाईंको अगि झुक्नेछन्, र तिनीहरूले तपाईंका नाउँको आराधना गर्नेछन् । किनकि तपाईं महान् हुनुहुन्छ र आश्चर्यकर्महरू गर्नुहुन्छ । तपाईं एकमात्र परमेश्वर हुनुहुन्छ ।"*

बर्षौ पछि, यूहन्नाले यो सन्दर्भहरूलाई प्रकाश १५:३ र ४ मा ल्याउँछन् र भन्छन्,

*"हे परमप्रभु परमेश्वर सर्वशक्तिमान्, तपाईंका कार्य महान् र आश्चर्यपूर्ण छन्, युग (युगका महाराजा, तपाईंका मार्ग धार्मिक र सत्य छन् । हे परमप्रभु, तपाईंको डर कसले मान्दैन ? र तपाईंका नाउँको महिमा कसले गर्दैन ? किनकि तपाईं मात्र पवित्र हुनुहुन्छ । सबै जातिले आएर तपाईंलाई दण्डवत् गर्नेछन्, किनभने तपाईंका धार्मिक कार्यहरू प्रकट भएका छन् ।"*

हामी देख्छौ सबै जातिले परमेश्वरको आराधना गर्नेछन्, आराधनाको गीत गाउनेछन्, उहाँले पृथ्वीमा शासन गर्ने अधिकारलाई स्वीकार गर्नेछन् । ती दिनहरू आउनेछन्, तिनीहरूले सबै सत्यता बुझ्नेछन् र उहाँको व्यवस्थाको धार्मिकता र उहाँको मार्गको बारेमा थाहा गर्नेछन् । जब परमेश्वरले तिनीहरूको हृदयलाई फर्काउनुहुन्छ र तिनीहरूको प्रेम र प्रशंसा जित्नुहुन्छ तब उहाँको बाँचा पूरा हुनेछ ।

## यशैयाको भविष्यवाणी

अगमवक्ता यशैयाले, यशैया ४५:२३ र २४ मा लेखे,

*"मैले आफ्नो जीवनको शपथ खाएको छु, सारा ईमानदारीमा मेरो मुखबाट एउटा वचन उच्चारण गरिएको छ, जो फेरि फिर्ता लिइनेछैन । हरेक घुँडा मेरै अगि टेकिनुपर्नेछ । हरेक जिब्रोले मेरै नाउँ लिएर शपथ खानेछ । मेरो विषयमा तिनीहरूले भन्नेछन्, 'परमप्रभुमा मात्र धार्मिकता र शक्ति छ' ।" उहाँको विरुद्धमा रीस गर्नेहरू सबै उहाँकहाँ नै आउनेछन् र लज्जित हुनेछन् ।"*

फिलिप्पी २:९–११ मा प्रेरित पावलले यशैयाबाट साभार गर्दै ले यशैया ४५:२३ छन्, *"त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा*

*उच्च छ, कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँड़ा टेक्नुपर्छ, र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ ।"*

## पावलको प्रकाश

जब येशू दोश्रो पटक संसारमा आउनुहुन्छ तब उहाँ राज्य गर्नलाई आउनुहुनेछ तब उहाँले आफ्नो शत्रुहरुलाई प्रेमले जित्नुहुनेछ । पावलले १ कोरिन्थी १५: २५–२८ मा लेख्छन्,

*"किनकि उहाँले आफ्ना सारा शत्रुलाई आफ्ना पाउमुनि नपारुञ्जेल उहाँले राज्य गर्नैपर्छ ... जब सबै कुरा उहाँको अधीनमा ल्याइन्छन् तब स्वयम् पुत्र उहाँको अधीनमा हुनुहुनेछ, जसले सब थोक उहाँको अधीनतामा राख्नुहुन्छ, ताकि परमेश्वर नै सबै थोकका सर्वेसर्वा होऊन् " ।*

अवश्य पनि वर्तमान समयमा परमेश्वर सबैमा सम्पूर्ण रुपमा हुनुहुँदैन । जेभएपनि, यदि हामीले उहाँले यो प्रतिज्ञा पूरा गर्न सक्नुहुन्छ भनी विश्वास गर्दछौ तब हामी निश्चित हुन्छौं कि अन्तिम दिनमा उहाँ सफल हुनुहुनेछ । हिब्रू २:८ र ९ ले भन्दछ,

*"तपाईंले सब थोक तिनका चरणमुनि राखिदिनुभयो । मानिसको अधीनमा सब थोक राख्नुहुँदा तिनको अधीन बाहिर केही रहन दिनुभएन । तर यस वर्तमान समयमा सब थोक मानिसको अधीनमा भएको हामी देख्दैनौं । तर हामी येशूलाई देख्तछौं । उहाँ अलि बेरको निम्ति स्वर्गदूतहरूभन्दा केही तल होच्याइनुभयो, मृत्युको कष्टको कारण महिमा र आदरको मुकुट उहाँलाई पहिराइयो, यस हेतुले कि परमेश्वरको अनुग्रहद्वारा हरेक मानिसको निम्ति उहाँले मृत्युको स्वाद चाखून् ।"*

प्रेरित पावलले कलस्सी १:१५–२०मा फेरि लेख्छन्,

*"किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए । स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्, उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन्, उहाँ शरीर, अर्थात् मण्डलीका शिर हुनुहुन्छ, उहाँ नै सुरु हुनुहुन्छ, मरेकाहरूबाट जीवित हुनेहरूमा उहाँ ज्येष्ठ हुनुहुन्छ, ताकि प्रत्येक कुरामाथि उहाँ सर्वोच्च होऊन्, किनकि उहाँको आफ्नो सारा पूर्णता ख्रीष्टमा वास गरेकोमा परमेश्वर प्रसन्न हुनुभयो, र परमेश्वरले उहाँका क्रूसको रगतद्वारा शान्ति गराएर पृथ्वीको होस् वा स्वर्गको होस्, उहाँद्वारा नै सबै थोकलाई आफूसँग मिलापमा ल्याउनुभयो ।"*

पहिलो कुरा पावलले हामीलाई उहाँले नै स्वर्ग र पृथ्वीमा भएका सबै कुरा सृष्टि गर्नुभएको कुरा बताउँदछन् । *"सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन् ।"* पछि, यो संसारको पापको लागि मर्नलाई येशू आउनुभयो । ताकि *"परमेश्वरले उहाँका क्रूसको रगतद्वारा शान्ति गराएर पृथ्वीको होस् वा स्वर्गको होस्, उहाँद्वारा नै सबै थोकलाई आफूसँग मिलापमा ल्याउनुभयो ।"*

सृष्टिको उद्धेश्य पूरा हुनेछ, र यो सबै मानवजातिमा लागू हुनेछ । अन्त्यमा सबै जातिहरू उहाँमा फर्किने छन् । कोही पनि छोडिनेछैनन् ।

१ तिमोथी ४:९–११ मा पावलले पुनः भन्दछन्,

*"यो भनाइ निश्चित र सम्पूर्ण रूपले ग्रहणयोग्य छ, किनकि यस उद्देश्यले हामी परिश्रम र प्रयत्न गर्दछौं, किनकि हाम्रो आशा जीवित परमेश्वरमा राखिएको छ, जो सबै मानिसका, विशेष गरी उहाँमाथि विश्वास गर्नेहरूका मुक्तिदाता हुनुहुन्छ । यी नै कुराको आज्ञा देऊ र सिकाऊ ।"*

## यूहन्नाको प्रकाश

प्रेरित यूहन्नाले इतिहासको अन्तिम दिनको दर्शन देखे । येशूलाई परमेश्वरको थुमाको रुपमा देख्दै जसले आफूलाई यो संसारको पापको लागि बलिदान हुनुभएको कुरा प्रकाश ५:११–१३ मा उनले लेख्छन्,

*"तब मैले हेरें, अनि सिंहासन, जीवित प्राणीहरू र धर्म (गुरुहरूका वरिपरि धेरै स्वर्गदूतहरूका आवाज सुनें । तिनीहरूको संख्या लाखौँ र करोडौँ थियो । तिनीहरू चर्को सोरले यसो भनिरहेका थिए, "मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति सम्मान, महिमा, र स्तुति ग्रहण गर्ने योग्यका हुनुहुन्छ ।" अनि स्वर्गमा, पृथ्वीमा, पृथ्वीमुनि, समुद्र र त्यहाँ भएको हरेक प्राणीले यसो भनिरहेको मैले सुनें, "सिंहासनमा विराजमान हुनुहुनेलाई र थुमालाई स्तुति, सम्मान, महिमा, र सामर्थ्य सदासर्वदा होस् ।"*

यदि तपाईंले परमेश्वरले संसारको सबै मानवलाई जहाँ उनीहरूले उहाँको आराधना गर्ने र उहाँको सेवा गर्ने ठाउँमा ल्याउन सक्नुहुन्छ भनी विश्वास गर्नु हुन्छ, तब परमेश्वरले तपाईंलाई भन्नुहुन्छ कि तपाई धर्मीहरूको बीचमा अब्राहामको साथमा हुनुहुन्छ । रोमी ४:२१ मा पावलले उनको बारेमा भन्दछन्, "प्रतिज्ञा गर्नुभएको कुरा परमेश्वरले गर्न पनि सक्नुहुन्छ भन्ने अब्राहामलाई पूरा निश्चय थियो ।" हाम्रो विश्वास मानिसमा होइन तर परमेश्वरको सामर्थ्यमा उहाँको प्रतिज्ञालाई पूरा गर्नलाई छ ।

परमेश्वरको राज्य सेवकाइहरू (God's Kingdom Ministries)
६२०१ यूनिभर्सिटी एभ. एनई
फाइडले, एमएन ५५४३२
अधिक जानकारीको लागिः http://www.gkmtracts.com/the-successful-god